परमप्रभुका दूतहरू

छोटो मिसनरी जीवनी

# डेभिड जोन्स



जन्म : सन् १७९६ जुलाई

निधन : सन् १८४१ जुन १

जन्म स्थान : इङ्गल्याण्ड

दर्शन स्थल : माडागास्कर

डेभिड जोन्स एक अग्रगामी युरोपेली मिसनरी थिए, जसलाई माडागास्करमा उहाँले गरेको निडर सेवकाईको लागि सम्झना गर्ने गरिन्छ। १६ वर्षको उमेरमा उहाँले लन्डन मिसनरी सोसाइटी (LMS) मा मिसनरी हुनको लागि प्रस्ताव राख्नुभयो। सोसाइटीले सुरुमा उहाँलाई दक्षिण अफ्रिकामा मिसनरी सेवाको लागि नियुक्त गऱ्यो। तर अर्को एक जना मिसनरीले माडागास्कर जान इन्कार गरेकोले सोसाइटीले जोन्सलाई उनको ठाउँमा नियुक्त गऱ्यो।

जोन्स अर्को मिसनरी थोमस बेभानसँग सन् १८१८ अगस्तमा तामाटावे आइपुग्नुभयो। स्थानीयहरूले तिनीहरूलाई न्यानो स्वागत गरे, र चाँडै जोन्सले स्थानीयहरूको लागि विद्यालय स्थापना गर्नुमा सफल हुनुभयो। तर वर्ष समाप्त हुनु अघि जोन्स आफ्नो भर्खरै जन्मेको बच्चा र श्रीमतीलाई मलेरियाको कारण गुमानुभयो। थोमस बेभानको पूर्ण परिवार पनि केही महिनामै मलेरियाले मऱ्यो। जोन्स आफैँ बिरामी हुनुभयो र टापुमा एक्लो हुनुभयो।

ख्रीष्टको लागि साँचो सिपाही भएको जोन्सले जबसम्म माडागास्करमा सुसमाचारको आगो बल्दैन र मानिसहरूले परमेश्वरको मुक्तिको ज्योति देख्दैनन् तबसम्म त्यो ठाउँ नछोड्ने भनी प्रतिज्ञा गर्नुभयो। उहाँ उपचारको लागि मौरिससमा जानुभयो, र निको भइसकेपछि त्यहाँ स्थानीय मानिसहरूमाझ सेवा गर्न थाल्नुभयो। त्यहाँ उहाँले मालागासी भाषा सिक्नुभयो र त्यसको लागि सुहाउँदो लिखित ढाँचा विकास गर्नुभयो।

सन् १८२० मा उहाँ माडागास्कर फर्कनुभयो र एक तीव्र सुसमाचार सेवकाई सुरु गर्नुभयो। धेरैले ख्रीष्टलाई स्वीकार गर्न थाले र भनिन्छ कि, उहाँले प्रचार गर्दा मण्डलीहरू यति भरिएका हुन्थे कि ढोका र झ्यालहरू पनि बन्द गर्न मिल्दैन थियो। सन् १८२१ मा उहाँ एनि मेरिलाई विवाह गर्नुभयो। उहाँ चाँडै लन्डन मिसनरी सोसाइटीको अर्को मिसनरी डेभिड ग्रिफिथ्ससँग सामेल हुनुभयो; र उहाँहरूले मिलेर मालागासीमा बाइबल अनुवाद गर्न कडा मेहनत गर्नुभयो। सन् १८३५ मा लन्डन मिसनरी सोसाइटीद्वारा छापिएको पवित्र धर्मशास्त्रको अधिकांश संस्करण उहाँहरूको काम थियो।

जोन्स माडागास्करमा शिक्षा प्रणालीलाई पूर्ण रूपमा पुनर्जीवित गर्नको लागि पनि चिनिनु हुन्थ्यो। राजा राडामाबाट प्रोत्साहन पाएर उहाँले "मालागासी स्कुलिङ सोसाइटी" स्थापना गर्नुभयो, जसमा सन् १८२८ सम्म ३७ वटा विद्यालयहरू थिए। जोन्स सन् १८३० मा खराब स्वास्थ्यको कारण घर फर्कनुपऱ्यो, जहाँ उहाँले आफ्नो अधिकांश समय युवा मिसनरीहरूलाई प्रचार र प्रेरणा दिनुमा बिताउनुभयो।

सन् १८३८ मा जोन्स माडागास्कर फर्कनुभयो र सन् १८४१ मा मलेरियाले मौरिससमा उहाँको मृत्यु हुने बेलासम्म परमेश्वरको सेवामा लागिरहनुभयो।